# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, कात्तिक २८ गते २०४५ साल (अतिरिक्ताङ्क ४६

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४५ सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

४८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्‌को स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः आधारभूत तथा मध्यम स्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न सुनियोजित रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको व्यवस्था तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्नको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्‌को स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस ऐनको नाम "प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५" रहेको छ ।

१.२ यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा :

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

२.१.१ "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सम्झनुपर्छ ।

२.१.२ "कार्यकारी निर्देशक" भन्नाले उपदफा ९.१ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनुपर्छ ।

२.१.३ "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. परिषद्‌को स्थापनाः

३.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवं त्यस्ता तालीम दिने विभिन्न निकायहरूको बीच समन्वय कायम गर्न तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्नको लागि एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्‌को स्थापना गरिएको छ ।

682



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.२ परिषद्मा देहायका सदस्यहरू रहनेछन्:–

| | | |
|---|---|---|
| ३.२.१ | शिक्षा तथा संस्कृति मन्त्री वा राज्यमन्त्री | – अध्यक्ष |
| ३.२.२ | सदस्य, राष्ट्रिय योजना आयोग (जनशक्ति हेर्ने) | – सदस्य |
| ३.२.३ | सभापति, सामाजिक समिति, राष्ट्रिय पञ्चायत | – सदस्य |
| ३.२.४ | सदस्य, लोक सेवा आयोग | – सदस्य |
| ३.२.५ | सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय | – सदस्य |
| ३.२.६ | सचिव, उद्योग मन्त्रालय | – सदस्य |
| ३.२.७ | सचिव, श्रम तथा सामाजिक कल्याण मन्त्रालय | – सदस्य |
| ३.२.८ | शिक्षाध्यक्ष, त्रिभुवन विश्वविद्यालय | – सदस्य |
| ३.२.९ | अध्यक्ष, नेपाल उद्योग वाणिज्य संघ | – सदस्य |
| ३.२.१० | कार्यकारी निर्देशक | – सदस्य-सचिव |

३.३ श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परिषद्का सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

३.४ परिषद्ले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. परिषद् संगठित संस्था हुने:

४.१ दफा ३ बमोजिम स्थापित परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

४.२ परिषद्को आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

४.३ परिषद्ले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

४.४ परिषद्ले व्यक्ति सरह नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. परिषद्को बैठक र निर्णय:

५.१ परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

५.२ परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

४३२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.३ परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

५.४ परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ ।

५.५ परिषद्को निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

५.६ परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. परिषद्को काम, कर्तव्य र अधिकारः

६.१ श्री ५ को सरकारको स्वीकृत नीति अन्तर्गत रही परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

६.१.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमसम्बन्धी नीति निर्धारण एवं योजना तर्जुमा गर्ने ।

६.१.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम कार्यक्रमहरूको क्षेत्र र स्तर निर्धारण गर्ने ।

६.१.३ आधारभूत तहको सीप तालीम सञ्चालन गर्ने र मध्यम स्तरीय जनशक्ति उत्पादन गर्ने बहु प्राविधिक (पोलिटेक्निक) शिक्षालयको स्थापना एवं सञ्चालन गर्ने गराउने ।

६.१.४ श्री ५ को सरकारको स्वामित्वमा रहेका संगठित संस्था तथा गैरसरकारी संगठित संस्थाद्वारा सीप विकासको निमित्त दिइने व्यावसायिक तालीमको पाठ्यक्रमलाई स्तरयुक्त बनाउने र त्यस्ता तालीमसम्बन्धी अन्य कार्यक्रमहरूबीच समन्वय कायम गर्ने ।

६.१.५ प्राविधिक प्रशिक्षकसम्बन्धी तालीम संचालन गर्ने ।

६.१.६ एप्रेन्टिस्शीप तालीमसम्बन्धी आवश्यक व्यवस्था मिलाउने ।

६.१.७ परिषद् अन्तर्गत सञ्चालित प्राविधिक शिक्षालयहरूलाई तोकिएबमोजिम स्वायत्तता प्रदान गर्ने ।

६.१.८ प्राविधिक शिक्षालयको क्षेत्रभित्र विभिन्न स्थानमा अल्पकालीन वा घुम्ती तालीम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षण केन्द्रहरू,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाठ्य विषय (ट्रेनिङ प्याकेज) तथा तालीम दिने शिक्षक सम्बन्धी आवश्यक व्यवस्थाहरू मिलाउने ।

६.१.९ सरकारी तथा गैरसरकारी निकायहरूले आफ्नो आवश्यकतानुसार पाठ्यक्रम बनाई सञ्चालन गरी आएको सेवाकालीन तथा पूर्वसेवाकालीन व्यावसायिक तालीमलाई राष्ट्रिय स्तरमा मूल्याङ्कन गरी स्तर निर्धारण गर्ने, मान्यता दिने र तिनको पाठ्यक्रमलाई आवश्यकतानुसार स्तरयुक्त बनाउन आवश्यक व्यवस्था गर्ने ।

६.१.१० सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरणसम्बन्धी व्यवस्था गर्ने ।

६.१.११ सीप प्रमाणिका बनाउने र सीपको स्तर निर्धारण गर्ने ।

६.१.१२ आधारभूत तथा मध्यम स्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न अन्य आवश्यक कार्य गर्ने गराउने ।

७. समिति, उप-समिति वा कार्यटोली गठन गर्नसक्ने:

७.१ परिषद्ले आफ्नो काम कारवाही सुचारू रूपले सञ्चालन गर्नको लागि आवश्यकतानुसार विभिन्न समिति, उप-समिति वा कार्यटोलीहरू गठन गर्न सक्नेछ ।

७.२ समिति, उप-समिति वा कार्यटोलीहरूको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

८. आर्थिक स्रोत जुटाउने अधिकार: परिषद्ले आफ्नो काम सुचारू रूपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने रकमको लागि श्री ५ को सरकारको पूर्वस्वीकृति लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ ।

९. कर्मचारीसम्बन्धी व्यवस्था:

९.१ परिषद्को प्रशासकीय प्रमुखको रूपमा श्री ५ को सरकारले एक कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ । निजको पदावधि पाँच वर्षको हुनेछ र श्री ५ को सरकारले चाहेमा निजको पदावधि पुनः बढीमा पाँच वर्षको लागि थप गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९.२ उपदफा ९.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि पूरा नहुँदै पनि सो पदबाट हटाउन सक्नेछ ।

९.३ परिषद्ले आवश्यकतानुसार अन्य कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

९.४ कार्यकारी निर्देशक र परिषद्का अन्य कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिएबमोजिम हुनेछ ।

१०. परिषद्को कोषः

१०.१ परिषद्को एउटा छुट्टै कोष हुनेछ सो कोषमा देहायका रकमहरू रहनेछन्ः–

१०.१.१ श्री ५ को सरकारबाट प्राप्त अनुदान,

१०.१.२ श्री ५ को सरकारमार्फत कुनै अन्तर्राष्ट्रिय वा विदेशी संस्थाबाट प्राप्त रकम,

१०.१.३ परिषद्को चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

१०.१.४ परिषद्लाई प्राप्त अन्य कुनै रकम ।

१०.२ परिषद्को सबै रकम परिषद्को नाममा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंकमा जम्मा गरिनेछ ।

१०.३ परिषद्को तर्फबाट गर्नुपर्ने सम्पूर्ण खर्चहरू उपदफा १०.१ बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१०.४ परिषद्को खाता सञ्चालन तोकिएबमोजिम हुनेछ ।

११. परिषद्को लेखा र लेखापरीक्षणः

११.१ परिषद्को लेखा श्री ५ को सरकारको प्रचलित ढाँचा र तरीकाबमोजिम राखिनेछ ।

११.२ परिषद्को लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

११.३ श्री ५ को सरकारले चाहेमा परिषद्को हिसाब किताबसम्बन्धी कागजातहरू र अरू नगदी जिन्सीसमेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१२. अधिकार प्रत्यायोजनः परिषद्ले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार आवश्यकतानुसार परिषद्को समिति, उप-समिति, कार्यटोली, कार्यकारी निर्देशक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४३५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. श्री ५ को सरकारले निर्देशन दिन सक्ने: श्री ५ को सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम तथा सीपको स्तर निर्धारण एवम् प्रमाणीकरण सम्बन्धमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१४. श्री ५ को सरकारसंग सम्पर्क: परिषद्ले श्री ५ को सरकारसंग सम्पर्क राख्दा शिक्षा तथा संस्कृति मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

१५. नियम बनाउने अधिकार: यस ऐनको उद्देश्य पूर्तिका लागि श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१६. विनियम बनाउने अधिकार: परिषद्ले आफ्नो कार्य सञ्चालनको लागि यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक विनियमहरू बनाउन सक्नेछ ।

१७. खारेजी र बचाउ:

१७.१ प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) आदेश, २०३९ खारेज गरिएको छ र सो आदेशबमोजिम गठित समितिको सबै हक तथा दायित्व परिषद्मा सर्नेछ ।

१७.२ प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) आदेश, २०३९ अन्तर्गत भए गरेको सम्पूर्ण काम कारवाही परिषद्बाट भए गरेको मानिनेछ ।

लालमोहर सदर मिति:– २०४५।७।२८।१

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४५ सालको ऐन नं. २१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

### आयुर्वेद चिकित्सा परिषद्सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** सर्वसाधारण जनताको स्वास्थ्य र सुविधा कायम राख्न आयुर्वेद चिकित्सा प्रणालीलाई बढी प्रभावकारी बनाउने, आयुर्वेदिक औषधिको उत्पादन र प्रयोग गर्ने पद्धतिलाई विकास गर्ने र आयुर्वेदिक चिकित्सकहरूको दर्ता गर्ने समेत व्यवस्था गर्न आयुवद चिकित्सा परिषद् स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

परिच्छेद–१

### प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

१.१.१ यस ऐनको नाम "आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५" रहेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१.१.२ यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

१.२ परिभाषाः

१.२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

१.२.१.१ "परिषद्" भन्नाले दफा २.१ बमोजिम स्थापना भएको आयुर्वेद चिकित्सा परिषद् सम्झनुपर्छ ।

१.२.१.२ "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनुपर्छ ।

१.२.१.३ "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्षसमेतलाई जनाउनेछ ।

१.२.१.४ "रजिष्ट्रार" भन्नाले दफा ३.१ बमोजिम नियुक्त गरिएको परिषद्को रजिष्ट्रार सम्झनुपर्छ ।

१.२.१.५ "दर्ता किताब" भन्नाले यो ऐन अन्तर्गत चिकित्सकहरूको नाम दर्ता गर्न खडा गरिएको दर्ता किताब सम्झनुपर्छ ।

१.२.१.६ "चिकित्सक" भन्नाले आयुर्वेद विज्ञानमा दफा ४.२ मा उल्लेखित न्यूनतम योग्यता वा अनुभव प्राप्त गरी सोसम्बन्धी व्यवसायमा लागेको व्यक्ति सम्झनुपर्छ ।

१.२.१.७ "दर्तावाला चिकित्सक" भन्नाले दफा ४.५ बमोजिम दर्ता किताबमा नाम दर्ता भएको चिकित्सक सम्झनुपर्छ ।

१.२.१.८ "आयुर्वेदिक औषधि" भन्नाले आयुर्वेदिक प्रणालीबाट बनाइएको औषधि सम्झनुपर्छ ।

१.२.१.९ "नियम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम सम्झनुपर्छ ।

१.२.१.१० "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

## परिच्छेद–२

## परिषद्को स्थापना र व्यवस्था

२.१ परिषद्को स्थापनाः आयुर्वेद चिकित्सा प्रणालीलाई सुचारू रूपले सञ्चालन गर्न आयुर्वेदिक औषधिको उत्पादन र प्रयोग गर्ने पद्धतिलाई विकास गर्न तथा चिकित्सकहरूको नाम दर्ता गर्नको लागि आयुर्वेद चिकित्सा परिषद् स्थापना गरिएको छ ।

४४३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.२ परिषद् स्वशासित संस्था हुने:

२.२.१ परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

२.२.२ परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

२.२.३ परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ।

२.२.४ परिषद्ले व्यक्ति सरह नालिस उजूर गर्न र परिषद्उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

२.३ परिषद्को गठन:

२.३.१ दफा २.१ बमोजिम स्थापना भएको परिषद्मा देहायका सदस्यहरू रहनेछन्:–

२.३.१.१ श्री ५ को सरकारबाट मनोनीत चिकित्सक – अध्यक्ष

२.३.१.२ दर्तावाला चिकित्सकहरूमध्येबाट श्री ५ को सरकारबाट मनोनीत तीनजना "क" श्रेणीका चिकित्सकहरू – सदस्य

२.३.१.३ अध्यक्ष, नेपाल आयुर्वेद समिति – सदस्य

२.३.१.४ नेपाल आयुर्वेद समितिका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चारजना चिकित्सकहरू – सदस्य

स्पष्टीकरण– "नेपाल आयुर्वेद समिति" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको नेपाल आयुर्वेद समिति सम्झनुपर्छ।

२.३.२ श्री ५ को सरकारले आवश्यक ठानेमा परिषद्को परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी परिषद्का सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ।



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.३.३ परिषद्ले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा आयुर्वेद चिकित्सासम्बन्धी अन्य कुनै विशेषज्ञलाई पर्यवेक्षकको रूपमा परिषद्को बैठकमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

२.३.४ परिषद्का सदस्यहरूको पदावधि चार वर्षको हुनेछ । पदावधि समाप्त भएपछि निजहरू पुनः मनोनीत वा निर्वाचित हुन सक्नेछन् ।

२.३.५ पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि अर्को सदस्य मनोनीत वा निर्वाचित हुनेछ ।

२.३.६ परिषद्को गठन नभएसम्मको लागि परिषद्ले गर्नुपर्ने काम गर्ने गरी श्री ५ को सरकारले समिति गठन गर्न सक्नेछ । त्यसरी गठन भएको समिति छ महीनाभन्दा बढी अवधिको लागि कायम हुनेछैन ।

२.४ परिषद्को काम, कर्तव्य र अधिकारः

२.४.१ परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

२.४.१.१ आयुर्वेद चिकित्सा प्रणालीबाट रोगको उपचार गर्ने व्यवस्थालाई सुदृढ गरी आयुर्वेद चिकित्सालाई सुचारू रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने ।

२.४.१.२ आयुर्वेदिक औषधिहरूको प्रयोग गर्ने पद्धतिलाई विकसित गर्न आवश्यक व्यवस्था गर्ने ।

२.४.१.३ चिकित्सकहरूको योग्यता निर्धारण गरी योग्यता पुगेका चिकित्सकहरूको नाम दर्ता गर्ने व्यवस्था गर्ने ।

२.४.१.४ आयुर्वेदिक औषधिहरूको उत्पादन तथा बिक्री वितरण गर्ने सम्बन्धमा श्री ५ को सरकारलाई परामर्श दिने ।

२.५ सदस्यको निमित्त अयोग्यताः

२.५.१ देहायको कुनै व्यक्ति परिषद्को सदस्यमा निर्वाचित हुन, मनोनीत हुन वा बहाल रहन अयोग्य मानिनेछः–

२.५.१.१ दर्ताकिताबबाट नाम हटाइएको,

२.५.१.२ गैरनेपाली नागरिक,

२.५.१.३ साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

२.५.१.४ नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, वा

२.५.१.५ मगज बिग्रेको ।



४०१ ६०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.६ सदस्यता समाप्त हुने अवस्था:

२.६.१ देहायको अवस्थामा परिषद्को सदस्यता समाप्त भएको मानिनेछ:–

२.६.१.१ दफा २.५ बमोजिम सदस्य रहन अयोग्य भएमा,

२.६.१.२ सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

२.६.१.३ मृत्यु भएमा, वा

२.६.१.४ परिषद्लाई कारण सहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा।

२.७ परिषद्को बैठक र निर्णय:

२.७.१ परिषद्को बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ।

२.७.२ परिषद्को बैठक साधारणतया वर्षको तीन पटक बस्नेछ र अध्यक्षले आवश्यक देखेमा बढी पटक पनि बैठक बोलाउन सक्नेछ।

२.७.३ परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ।

२.७.४ परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगको मानिनेछ।

२.७.५ परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछ।

२.७.६ परिषद्को निर्णय रजिष्ट्रारद्वारा प्रमाणित गरिनेछ।

२.७.७ सदस्यहरूले बैठकमा भाग लिंदा पाउने भत्ता तथा अन्य सुविधाहरू तोकिएबमोजिम हुनेछ।

२.७.८ परिषद्को बैठकमा अपनाइने अन्य कार्यविधि परिषद् आफैले निर्धारण गर्न सक्नेछ।

२.८ अधिकार प्रत्यायोजन: परिषद्ले आफ्नो अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य वा तोकिएबमोजिम सदस्यहरूको समिति वा उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

२.९ काम कारबाई बदर नहुने: कुनै सदस्यको नियुक्तिको सम्बन्धमा यस ऐन अन्तर्गतको कुनै व्यवस्थाको पालन भएको छैन भन्ने कुरा पछि पत्ता लागेमा सो पत्ता लाग्नुभन्दा अगावै त्यस्तो सदस्यले गरेको काम कारबाही सो कुराले मात्र बदर हुनेछैन।



५०२ P0५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–३
## कर्मचारीसम्बन्धी व्यवस्था

३.१ रजिष्ट्रारः

३.१.१ परिषद्को प्रशासकीय काम कारवाही गर्न श्री ५ को सरकारले एकजना रजिष्ट्रार नियुक्ति गर्नेछ ।

३.१.२ रजिष्ट्रारले परिषद्को सचिव भै काम गर्नेछ ।

३.१.३ रजिष्ट्रारको सेवा, शर्त र सुविधा तोकिएबमोजिम हुनेछ ।

३.१.४ रजिष्ट्रारको अनुपस्थितिमा निजले गर्नुपर्ने सबै काम कारबाही गर्न श्री ५ को सरकारले परिषद्को अन्य कुनै अधिकृत तहको कर्मचारीलाई तोक्न सक्नेछ ।

३.२ रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः

३.२.१ रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

३.२.१.१ नाम दर्ताको लागि परेका दरखास्त आवश्यक कारवाहीको निमित्त उपदफा ४.४.१ बमोजिम गठित जाँचबुझ समितिमा पेश गर्ने ।

३.२.१.२ यो ऐन र नियमको अधीनमा रही परिषद्को निर्णयबमोजिम समय समयमा नाम दर्ता गर्नुपर्ने चिकित्सकहरूको नाम, ठेगाना र योग्यता खोली दर्ता किताबमा नाम दर्ता गरी दर्ताको प्रमाण-पत्र दिने ।

३.२.१.३ कुनै दर्तावाला चिकित्सकको मृत्यु भएमा वा यो ऐन र नियमबमोजिम दर्ता किताबबाट नाम हटाइनु पर्ने भनी परिषद्बाट निर्णय भएका चिकित्सकहरूको नाम दर्ता किताबबाट हटाउने ।

३.२.१.४ दफा ४.६ बमोजिम कुनै दर्तावाला चिकित्सकले व्यवसाय छाडेको वा ठेगाना बदलेको कुराको सूचना प्राप्त भएमा सो अनुसार दर्ता किताबमा व्यहोरा जनाउने ।

३.२.२ रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

३.३ परिषद्का कर्मचारीहरूः

३.३.१ परिषद्ले आवश्यक भएजति कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.३.२ उपदफा ३.३.१ बमोजिम नियुक्त भएका कर्मचारीहरू रजिष्ट्रारको रेखदेख र नियन्त्रणमा रहनेछन् ।

३.३.३ परिषद्का कर्मचारीको सेवा, शर्त र सुविधा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद–४

## चिकित्सकहरूको नाम दर्तासम्बन्धी व्यवस्था

४.१ दर्ता किताबमा नाम दर्ता गराउन दरखास्त दिने:

४.१.१ आयुर्वेद चिकित्सा व्यवसाय गर्न चाहने चिकित्सकले यो ऐन र नियमका अधीनमा रही दर्ता किताबमा नाम दर्ता गराउन तोकिएबमोजिम परिषद्मा दरखास्त दिनु पर्नेछ ।

४.१.२ उपदफा ४.१.१ बमोजिम दरखास्त दिने चिकित्सकले दर्ता किताबमा नाम दर्ता गराउन तोकिएबमोजिम दस्तूर बुझाउनु पर्नेछ ।

४.१.३ यो ऐन प्रारम्भ भएका बखत आयुर्वेद चिकित्सा व्यवसाय गरिरहेका चिकित्सकहरूले दर्ता किताबमा नाम दर्ता गराउन यो ऐन प्रारम्भ भएका मितिले छ महीनाभित्र उपदफा ४.१.१ बमोजिम दरखास्त दिनु पर्नेछ ।

४.२ चिकित्सकहरूको श्रेणी:

४.२.१ यस ऐनबमोजिम चिकित्सकहरूको नाम दर्ता गर्ने प्रयोजनको लागि देहायबमोजिम योग्यता भएका चिकित्सकहरूलाई देहायबमोजिमको श्रेणीमा राखिनेछ:–

४.२.१.१ आयुर्वेदाचार्य वा वैद्यरत्न वा आयुर्वेद स्नातक वा सो सरह वा आयुर्वेद स्नातकोत्तर वा सो सरह उत्तीर्ण चिकित्सकहरू र आयुर्वेद शास्त्री वा वैद्यभूषण पास गरी पन्ध्र वर्ष सरकारी सेवा गरेका चिकित्सकहरू – "क" श्रेणी

४.२.१.२ आयुर्वेद शास्त्री वा वैद्यभूषण वा आयुर्वेद प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण चिकित्सकहरू – "ख" श्रेणी

४.२.१.३ आयुर्वेद मध्यमा वा उपवैद्य कोष वा आयुर्वेदमा माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण चिकित्सकहरू – "ग" श्रेणी ।

४.२.१.४ गुरु परम्पराद्वारा आयुर्वेद चिकित्साको अध्ययन गरी आयुर्वेद चिकित्सामा तीन पुस्तादेखि संलग्न रहेको भन्ने





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यहोराको सम्बन्धित जिल्ला कार्यालयको सिफारिश प्राप्त तीस वर्षको उमेर पुगेको व्यक्ति वा मान्यता प्राप्त चिकित्सकसँग कम्तीमा दश वर्ष काम गरी अनुभव प्राप्त गरेको भन्ने सम्बन्धित चिकित्सकको सिफारिश प्राप्त तीस वर्षको उमेर पुगेको व्यक्ति —"घ" श्रेणी

४.३ दरखास्तसाथ प्रमाण, विवरण र सूचना संलग्न गर्नुपर्नेः

४.३.१ दफा ४.१ बमोजिम नाम दर्ता गराउन दरखास्त दिने चिकित्सकले दरखास्तसाथ देहायबमोजिम प्रमाण, विवरण एवं सूचनासमेत संलग्न गर्नु पर्नेछः—

४.३.१.१ आफ्नो योग्यतासम्बन्धी प्रमाण-पत्र वा सिफारिश-पत्र,

४.३.१.२ विदेशको कुनै आयुर्वेद चिकित्सा परिषद् वा सो सरहको संस्थाको दर्ता किताबमा नाम दर्ता भएको रहेछ भने सो दर्ता किताबमा दर्ता भएको योग्यता वा उपाधि र दर्ता नम्बरसमेत खुलाएको विवरण,

४.३.१.३ यो ऐन र नियमको अधीनमा रही काम गर्नेछु भन्ने तोकिएबमोजिमको प्रतिज्ञापत्र ।

४.४ दरखास्त उपर कारवाहीः

४.४.१ दफा ४.१ बमोजिम पर्न आएका दरखास्त उपर जाँचबुझ गरी प्रतिवेदन पेश गर्न परिषद्ले एक जाँचबुझ समिति गठन गर्न सक्नेछ ।

४.४.२ जाँचबुझ समितिले दरखास्तवाला चिकित्सक योग्यता प्राप्त चिकित्सक हो होइन र निजको दरखास्त रीतपूर्वक छ छैन भन्ने कुराको समेत जाँचबुझ गरी पन्ध्र दिनभित्र परिषद्समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४.४.३ परिषद्ले उपदफा ४.४.२ बमोजिमको जाँचबुझ समितिको प्रतिवेदन उपर विचार गरी देहायबमोजिम निर्णय गर्न सक्नेछः—

४.४.३.१ रीतपूर्वकको दरखास्त दिने योग्यता पुगेको चिकित्सकको नाम दर्ता किताबमा दर्ता गर्ने निर्णय गरी रजिष्ट्रारलाई दर्ता गर्न आदेश दिने,

४.४.३.२ रीत नपुगेको दरखास्त दिने व्यक्तिको नाम दर्ता नगर्ने गरी जुन कारणबाट नाम दर्ता नगरिएको हो सो कारण



५०५ ५०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खुलाई दरखास्तवालालाई सूचना दिन रजिष्ट्रारलाई आदेश दिने ।

४.४.४ उपदफा ४.४.३.२ बमोजिम दर्ता किताबमा नाम दर्ता हुन नसकेको चिकित्सकले रीत पुऱ्याई फेरि अर्को दरखास्त दिएमा पहिले दर्ता हुन नसकेको कारणले मात्र निजको नाम दर्ता किताबमा दर्ता गर्न अस्वीकार गरिनेछैन ।

४.५ दर्ताको प्रमाण-पत्रः परिषद्ले उपदफा ४.४.३.१ बमोजिम कुनै दरखास्तवाला चिकित्सकको नाम दर्ता गर्ने निर्णय गरी रजिष्ट्रारलाई आदेश दिएमा रजिष्ट्रारले त्यस्तो चिकित्सकको नाम दर्ता किताबमा दर्ता गरी योग्यता अनुसारको श्रेणी समेत खुलाई तोकिएबमोजिम दर्ताको प्रमाण-पत्र दिनु पर्नेछ ।

४.६ व्यवसाय छाडेमा वा ठेगाना बदलेमा सूचना गर्नुपर्नेः कुनै दर्तावाला चिकित्सकले आफ्नो व्यवसाय छाडेमा वा ठेगाना बदलेमा त्यस्तो चिकित्सकले व्यवसाय छाडेको वा ठेगाना बदलेको एक महीनाभित्र रजिष्ट्रारलाई तोकिएबमोजिम सूचना गर्नु पर्नेछ ।

४.७ नाम हटाउने र पुनः नाम दर्ता गर्ने व्यवस्थाः

४.७.१ देहायको कुनै अवस्थामा परिषद्ले कुनै दर्तावाला चिकित्सकको नाम दर्ता किताबबाट हटाउन आदेश दिन सक्नेछः–

४.७.१.१ नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएको, वा

४.७.१.२ पेशासम्बन्धी तोकिएको आचरण पालन नगरेको भनी परिषद्को दुई-तिहाई बहुमतले ठहराएको, वा

४.७.१.३ मगज बिग्रेको ।

४.७.२ उपदफा४.७.१ बमोजिम दर्ताकिताबबाट नाम हटाइएको चिकित्सकले मनासिब माफिकको कारण देखाई पुनः नाम दर्ता गराउन दरखास्त दिएमा परिषद्ले निजको नाम पुनः दर्ता गर्न मनासिब देखेमा रजिष्ट्रार-लाई नाम दर्ता गर्ने आदेश दिन सक्नेछ ।

४.७.३ उपदफा ४.७.२ बमोजिम आदेश प्राप्त भएमा रजिष्ट्रारले तोकिए-बमोजिमको दस्तूर लिई त्यस्तो चिकित्सकको नाम दर्ता किताबमा पुनः दर्ता गरी प्रमाण-पत्र दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.८ प्रमाण-पत्र रद्द गर्नेः धोखा वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता हुन गएको रहेछ भन्ने कुरा जानकारी हुन आई सो कुरा जाँचबुझ गर्दा साँचो ठहरिन आएमा परिषद्‌ले त्यस्तो व्यक्तिको दर्ताको प्रमाण-पत्र खिची दर्ता रद्द गर्न सक्नेछ ।

## परिच्छेद–५
## आयुर्वेद चिकित्सा व्यवसाय

५.१ दर्ता नभएका चिकित्सकले व्यवसाय गर्न नपाउनेः

५.१.१ यो ऐन प्रारम्भ भएपछि दर्तावाला चिकित्सक बाहेक अन्य चिकित्सकले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले आयुर्वेद चिकित्साको व्यवसाय गर्न पाउनेछैन।

५.१.२ उपदफा ५.१.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि आयुर्वेदिक औषधि उत्पादन गर्ने वा बिक्री-वितरण गर्ने व्यवसाय दर्तावाला चिकित्सकको रेखदेख र नियन्त्रणमा रहने गरी अन्य व्यक्तिले पनि गर्न सक्नेछ ।

५.२ प्रमाण-पत्र र प्रेस्क्रिप्शन दिने अधिकारः

५.२.१ दर्तावाला चिकित्सकलाई देहायको कुरा प्रमाणित गर्ने र प्रमाण-पत्र दिने अधिकार हुनेछः–

५.२.१.१ जन्म र मृत्युको प्रमाण-पत्रमा निस्सा लगाउने ।

५.२.१.२ आयुर्वेद चिकित्सासम्बन्धी वा शारीरिक वा मानसिक योग्यतासम्बन्धी प्रमाण-पत्रमा सहीछाप गर्ने वा प्रमाण-पत्र दिने।

५.२.२ तोकिएको आयुर्वेदिक औषधिहरूको प्रेस्क्रिप्शन तोकिएको श्रेणीको दर्तावाला चिकित्सकले मात्र दिन सक्नेछ ।

## परिच्छेद -६
## आयुर्वेदिक औषधि उत्पादन र बिक्री-वितरण

६.१ आयुर्वेदिक औषधि उत्पादन गर्न स्वीकृति लिनुपर्नेः

६.१.१ श्री ५ को सरकारले परिषद्‌को परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका खास किसिमका आयुर्वेदिक औषधिहरू उत्पादन गर्न आयुर्वेद विभागको पूर्वस्वीकृति लिनु पर्नेछ ।



४०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.१.२ उपदफा ६.१.१ बमोजिम तोकिएका आयुर्वेदिक औषधिहरू उत्पादन गर्न चाहने व्यक्तिले स्वीकृतिको लागि तोकिएबमोजिम आयुर्वेद विभागमा निवेदन दिनु पर्नेछ।

६.१.३ उपदफा ६.१.२ बमोजिम प्राप्त निवेदनमा आयुर्वेद विभागले आवश्यक जाँचबुझ गरी आवश्यक देखेमा परिषद्को परामर्श लिई निवेदन दिने व्यक्ति दर्तावाला चिकित्सक नभएमा निजले दर्तावाला चिकित्सकको रेखदेख र नियन्त्रणमा रही आयुर्वेदिक औषधि उत्पादन गर्नुपर्ने गरी तोकिएबमोजिम स्वीकृति दिन सक्नेछ।

६.१.४ आयुर्वेदिक औषधि उत्पादनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

६.२ प्रेस्क्रिप्शन बिना आयुर्वेदिक औषधि बिक्री गर्न नपाउनेः श्री ५ को सरकारले परिषद्को परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका खास किसिमका आयुर्वेदिक औषधिहरू दर्तावाला चिकित्सकको प्रेस्क्रिप्शन बिना बिक्री-वितरण गर्न पाइनेछैन।

## परिच्छेद–७
## कोष र लेखापरीक्षण

७.१ परिषद्को कोषः

७.१.१ परिषद्को कोषमा देहायका रकमहरू रहनेछन्ः–

७.१.१.१ श्री ५ को सरकारबाट प्राप्त रकम,

७.१.१.२ चिकित्सकहरूको नाम दर्ता दस्तूर वापत प्राप्त रकम, र

७.१.१.३ अन्य श्रोतबाट प्राप्त रकम।

७.१.२ परिषद्को कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ।

७.२ लेखा र लेखापरीक्षणः

७.२.१ कोषको आय-व्ययको लेखा तोकिएबमोजिम राखिनेछ।

७.२.२ कोषको लेखापरीक्षण तोकिएबमोजिम हुनेछ।

७.२.३ श्री ५ को सरकारले चाहेमा कोषको हिसाब-किताबसम्बन्धी कागजात जुनसुकै बखत जाँच्न वा जचाउन सक्नेछ।



५०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–८
## शैक्षिक योग्यताको मान्यता

८.१ श्री ५ को सरकारले मान्यता दिने:

८.१.१ विदेशी आयुर्वेदिक संस्थाबाट चिकित्सासम्बन्धी डिग्री, डिप्लोमा, प्रमाण-पत्र वा अन्य उपाधि प्राप्त गर्ने व्यक्तिले त्यस्तो उपाधिको मान्यताको लागि तोकिएबमोजिम श्री ५ को सरकार समक्ष निवेदन दिनु पर्नेछ ।

८.१.२ उप-दफा ८.१.१ बमोजिम दरखास्त परेमा श्री ५ को सरकारले परिषद्को परामर्श लिई त्यस्तो डिग्री, डिप्लोमा, प्रमाण-पत्र वा उपाधिलाई मान्यता प्रदान गर्न सक्नेछ ।

## परिच्छेद–९
## विविध

९.१ असल नियतले गरेको काममा बचाउ: यो ऐन वा नियमको अधीनमा रही असल नियतले गरेको कुनै काम कारवाहीको सम्बन्धमा परिषद् वा रजिष्ट्रार जवाफदेही हुनेछैन ।

९.२ परिषद्को विघटन:

९.२.१ परिषद्ले यो ऐन र नियमबमोजिम आफूलाई प्राप्त अधिकार प्रयोग गर्न नसकेको वा अधिकारको दुरुपयोग गरेको वा प्राप्त अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको वा यो ऐन र नियमबमोजिम परिषद्ले पालन गर्नुपर्ने कर्तव्य पालन गर्न नसकेको भन्ने श्री ५ को सरकारलाई लागेमा श्री ५ को सरकारले परिषद्लाई विघटन गर्न सक्नेछ ।

९.२.२ उपदफा ९.२.१ बमोजिम परिषद् विघटन भएपछि श्री ५ को सरकारले अर्को परिषद् गठन नभएसम्म यो ऐन र नियमबमोजिम परिषद्ले गर्नुपर्ने सबै काम कारवाही आफैले गर्न वा कुनै समिति गठन गरी सो समितिबाट गराउन सक्नेछ ।

९.२.३ उपदफा ९.२.१ बमोजिम परिषद् विघटन भएपछि सो परिषद्को कोष र अरू सम्पत्ति श्री ५ को सरकारले आफ्नै जिम्मा राखी अर्को परिषद् गठन भएपछि सो कोष र सम्पत्ति उक्त परिषद्लाई बुझाउनेछ ।



४०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९.२.४ उपदफा ९.२.१ बमोजिम परिषद् विघटन भएको साधारणतया तीन महीनाभित्र श्री ५ को सरकारले दफा २.३ बमोजिम अर्को परिषद्को गठन गर्नेछ ।

९.३ सजायः

९.३.१ दफा ५.१ को बखिलाप आयुर्वेद चिकित्सा व्यवसाय गर्ने व्यक्तिलाई तीन हजार रूपैयाँसम्म जरिवाना वा छ महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

९.३.२ दफा५.२बमोजिमको अधिकार दुरूपयोग गर्ने दर्तावाला चिकित्सकलाई दुई हजार रूपैयाँसम्म जरिवाना वा दुई महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

९.३.३ दफा ६.१ बमोजिम आयुर्वेद विभागको स्वीकृति नलिई आयुर्वेदिक औषधि उत्पादन गर्ने व्यक्तिलाई तीन हजार रूपैयाँसम्म जरिवाना वा छ महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

९.३.४ दफा ६.२ को बखिलाप हुने गरी आयुर्वेदिक औषधि बिक्री-वितरण गर्ने व्यक्तिलाई पाँच सय रूपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।

९.३.५ यस दफामा लेखिएदेखि बाहेक यो ऐन वा नियमको बखिलाप हुने कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

९.४ नियम बनाउने अधिकारः यो ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले परिषद्को परामर्श लिई आवश्यक नियमहरू बनाउन सक्नेछ ।

९.५ विनियम बनाउने अधिकारः परिषद्ले आफ्नो दैनिक कार्य सञ्चालनको लागि यो ऐन र नियमको अधीनमा रही श्री ५ को सरकारको स्वीकृति लिई विनियमहरू बनाउन सक्नेछ ।

लालमोहर सदर मितिः– २०४५।७।२८।१

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।